# स्थानीय विपद् जोखिम व्यवस्थापन योजना

# व्यास नगरपालिका

## तनहुँ जिल्ला, गण्डकी अञ्चल

२०७३

नगर स्तरीय विपद् जोखिम व्यवस्थापन समिति

व्यास नगरपालिका

# स्थानीय विपद् जोखिम व्यवस्थापन योजना

# व्यास नगरपालिका

## तनहुँ जिल्ला, गण्डकी अञ्चल

२०७३

नगरस्तरीय विपद् जोखिम व्यवस्थापन समिति

**व्यास नगरपालिका**

प्रकाशकः व्यास नगरपालिका

प्राविधिक सहयोगः भूकम्प प्रविधि राष्ट्रिय समाज-नेपाल (NSET)

आर्थिक सहयोगः अमेरिकी सहायता नियोग (USAID/OFDA)
वातावरण मैत्री स्थानीय शासन कार्यक्रम (EFLGP )

(व्यास नगरपालिकाका प्रमुख तथा कार्यकारी अधिकृतको मन्तव्य)

# भूमिका

नेपाल संसारका बारम्बार भूकम्प गइरहने क्षेत्रहरु मध्येमा एक पर्दछ । यसका बाहेक नेपालमा बाढी, पहिरो, आगलागी, हावाहुरी, असिना, शितलहर, महामारी, जस्ता प्रकोपको कारण बर्षेनी ठूलो परिमाणमा जनधनको क्षति हुने गरेको छ । यी विभिन्न प्रकोपका कारण सिर्जित हुन सक्ने असरहरुलाई प्रायः अवस्थामा पूर्वतयारीका विभिन्न उपायहरुद्धारा न्यूनीकरण गर्न सकिन्छ । जसका लागि प्रभावकारी  विपद् जोखिम व्यवस्थापन योजना हुनु आवश्यक छ ।

व्यास नगरपालिकामा भूकम्पीय जोखिम न्यूनीकरण सम्बन्धी क्रियाकलापहरु वि.सं २०५९ देखि नै सुरु भएको हो भने वि.सं २०६२  देखि बहुप्रकोपीय न्यूनीकरण क्रियाकलापहरु पनि सुरु भइसकेको थियो ।  वि.सं २०६८ मा विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिका बने पश्चात यहाँ अझ प्रभावकारी तरिकामा विपद् व्यवस्थापनका कामहरु हुन थालेका छन् । निर्देशिका अनुरुप वडा/नगर स्तरीय विपद् जोखिम व्यवस्थापन समिति पनि गठन भइसकेको छ भने यी समितिका केही सदस्यहरुले तालिम पनि प्राप्त गरिसक्नुभएको छ । यसै सन्दर्भमा विपद् व्यवस्थापनका कामहरुलाई अझ प्रभावकारी बनाउनको लागि वि.सं २०७३ को फागुन महिनामा तीन दिने सङ्कटासन्नता क्षमता लेखाजोखा तालिम कार्यक्रम सम्पन्न भएको थियो ।

व्यास नगरपालिकाको अगुवाइमा भूकम्प प्रविधि राष्ट्रिय समाज-नेपाल (NSET) को प्राविधिक सहयोग र USAID र वातावरण मैत्री स्थानीय शासन कार्यक्रम (EFLGP ) को आर्थिक सहयोगमा यस नगरपालिका स्तरीय विपद् जोखिम न्यूनीकरणको गुरु योजना वि.सं २०७३ मा तयार भएको हो ।

# आवधिक परिमार्जन तालिका

यस व्यास नगरपालिकाको स्थानीय विपद् जोखिम व्यवस्थापन योजना आवश्यकता अनुसार आवधिक रुपमा परिमार्जन गरिने छ। परिमार्जन गरिएको संक्षिप्त विवरण तलको तालिकामा अद्यावधिक गरिने छ।

| मिति | परिमार्जित अंश, उपखण्ड वा खण्ड | पाना नम्बर | परिमार्जन गर्ने संस्था |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

# शब्द संक्षेप

| | |
|---|---|
| नपा | नगरपालिका |
| नविजोस | व्यास नगरपालिका विपद् जोखिम व्यवस्थापन समिति । |
| वविजोस | वडा विपद् जोखिम व्यवस्थापन समिति । |
| नेरेसो | नेपाल रेडक्रस सोसाइटी । |
| सविभनिवि | सहरी विकास तथा भवन निर्माण विभाग डिभिजन कार्यालय । |
| खापाढनिवि | खानेपानी तथा ढल निकास विभाग |
| NSET | National Society for Earthquake Technology-Nepal, भूकम्प प्रविधि राष्ट्रिय समाज-नेपाल |
| प्रा.वि. | प्राथमिक विद्यालय |
| नि.मा.वि. | निम्न माध्यामिक विद्यालय |
| मा.वि. | माध्यामिक विद्यालय |
| CTEVT | Council for Technical Education and Vocational Training |
| CDMA | Code Division Multiple Access |
| USAID | United States Agency for International Development |
| EFLGP | Environment Friendly Local Governance Programme (EFLGP) |

# विषय सूची


भूमिका ५

१. परिचय ....... १०

१.१ व्यास नगरपालिकाको संक्षिप्त परिचय ....... १०

१.२ नगरपालिका स्तरीय विपद् जोखिम व्यवस्थापन योजना निर्माणका उद्देश्यहरु ....... ११

१.३ नगरपालिका स्तरीय विपद् जोखिम न्यूनीकरणको गुरु योजनाको विकास क्रम ....... ११

१.४ योजनाको आवश्यकता तथा महत्व ....... १२

१.५ योजनाको सीमा ....... १२

१.६ कार्यविधि ....... १२

१.७ योजना कार्यान्वयन रणनीति ....... १३

१.८ योजनाको अनुगमन, मूल्याङ्कन, पुनरावलोकन तथा अध्यावधिक ....... १३

२. प्रकोप, सङ्कटासन्नता,जोखिम स्तरीकरण र विश्लेषण ....... १४

२.१ प्रकोपको पहिचान तथा जोखिम स्तरीकरण ....... १४

२.२ प्रकोप जोखिम विश्लेषण ....... १७

२.३ सङ्कटासन्नता स्तरीकरण विश्लेषण ....... १७

२.४ प्रकोप/सङ्कटासन्नता तुलनात्मक विश्लेषण ....... १७

३ क्षमता विश्लेषण ....... १८

४ विपद् जोखिम व्यवस्थापन योजना ....... १८

४.१ जनचेतना तथा क्षमता अभिवृद्धि (विपद् पूर्वतयारी) ....... १९

४.२ विपद् जोखिम न्यूनीकरण ....... २२

४.३ आपत्कालीन पूर्वतयारी ....... २७

४.४ विपद्को समयका क्रियाकलापहरु (आपत्कालीन प्रतिकार्य) ....... ३०

४.५ विपद् पश्चात्का क्रियाकलापहरु ....... ३२

५. निष्कर्ष ....... ३३

सन्दर्भ सामाग्रीहरु ....... ३४

अनुसूचीहरु ....... ३५

१. विगतका २५ वर्षमा विपद्का कारण भएको क्षतिको विवरण ....... ३५

विगतका २५ वर्षमा विपद्का कारण भएको क्षतिको विवरण (प्रकोप : भूकम्प) ....... ३५

विगतका २५ वर्षमा विपद्का कारण भएको क्षतिको विवरण (प्रकोप : बाढी) ....... ३६

विगतका २५ वर्षमा विपद्का कारण भएको क्षतिको विवरण (प्रकोप : आगलागी) ....... ३७

विगतका २५ वर्षमा विपद्का कारण भएको क्षतिको विवरण (प्रकोप : पहिरो) ....... ३८

**विगतका २५ वर्षमा विपद्का कारण भएको क्षतिको विवरण** (प्रकोप : असिना) ..... ३९
**विगतका २५ वर्षमा विपद्का कारण भएको क्षतिको विवरण** (प्रकोप : हावाहुरी ) ..... ४०
**विगतका २५ वर्षमा विपद्का कारण भएको क्षतिको विवरण** (प्रकोप : चट्याङ्ग) ..... ४१
**विगतका २५ वर्षमा विपद्का कारण भएको क्षतिको विवरण** (प्रकोप : महामारी) ..... ४२
**विगतका २५ वर्षमा विपद्का कारण भएको क्षतिको विवरण** (प्रकोप : तुषारो) ..... ४३
**२. प्रकोप स्तरीकरण** ..... ४४
**३. प्रकोप पात्रो** ..... ४४
**४. प्रकोप इतिहास** ..... ४५
**प्रकोप इतिहास** (भूकम्प) ..... ४५
**प्रकोप इतिहास** (बाढी) ..... ४५
**प्रकोप इतिहास** (आगलागी) ..... ४६
**प्रकोप इतिहास** (पहिरो) ..... ४६
**प्रकोप इतिहास** (असिना) ..... ४७
**प्रकोप इतिहास** (हावाहुरी) ..... ४७
**प्रकोप इतिहास** ( **चट्याङ्ग** ) ..... ४८
**प्रकोप इतिहास** (महामारी) ..... ४८
**प्रकोप इतिहास** (तुषारो) ..... ४९
**५. सामाजिक स्रोत नक्साङ्कन** ..... ४९
**क. भू–उपयोग** ..... ४९
**ख. भौतिक पूर्वाधार** ..... ५१
**ग. संभावित प्रकोप उद्धार क्षमता (राहतका लागि आवश्यक स्रोत, साधन, उपकरण आदि)** ..... ५२
**घ. विद्यमान प्रकोप, सम्भावित विपद् जोखिम तथा सङ्कटासन्न क्षेत्र** ..... ५३
**६ समस्या वृक्ष विश्लेषण** ..... ५३
**७ धरातलीय हिँडाई** ..... ५५
**८ संस्थागत विश्लेषण** ..... ५६
**९ सामुदायिक गतिशीलता नक्सा** ..... ५७
**१० लक्षित समूह छलफल** ..... ५९
**११. प्रत्यक्ष अवलोकन** ..... ६०

# १. परिचय

## १.१ व्यास नगरपालिकाको संक्षिप्त परिचय

नेपालको पश्चिमाञ्चल विकास क्षेत्रको गण्डकी अञ्चल तनहुँ जिल्लामा, सेती र मादी नदीको पवित्र संगम तटमा अवस्थित यो व्यास नगरपालिका काठमाण्डौंदेखि १५० कि.मी. पश्चिम तथा पोखराबाट ५० कि.मी. पूर्व रहेको छ । यस नगरपालिकाको अक्षांश २७° ५५' छ भने देशान्तर ८४° १५' छ । यो नगरपालिका समुन्द्री सतहबाट २८० मी. देखि ११२० मी. सम्म उचाईमा रहेको छ । यहाँ न्यूनतम ८.४० सेल्सियसदेखि अधिकतम ३७.०० सेल्सियस सम्म तापक्रम हुनुका साथै औषत वार्षिक वर्षा १९६०.६ मि.मि.हुने गरेको छ ।




नक्सा : व्यास नगरपालिकाको अवस्थिति

व्यास नगरपालिकाको १६८ टोललाई १४ वटा वडामा (२०७२ असार मसान्तसम्म ) विभाजन गरिएको छ । जसमध्ये वडा नं.२, १० र ११ सहरी क्षेत्र, वडा नं. १, ७, र ८ अर्धसहरी क्षेत्र र बाँकी सबै वडाहरु ग्रामिण क्षेत्रमा पर्दछन् । यहाँ कृषियोग्य जमिनको क्षेत्रफल ४४.६६ वर्ग कि.मी., वनजंगलको क्षेत्रफल ३०.५६ वर्ग कि.मी. र अन्य क्षेत्र ११.३५ वर्ग कि.मी. गरी कुल ८६.५७ वर्ग कि.मी. क्षेत्रफल रहेको छ ।

व्यास नगरपालिकामा २०६८ सालको राष्ट्रिय जनगणना अनुसार पुरुष २१,१९१ र महिला २५,६८६ गरी कुल जनसंख्या ४६,८७७ रहेको छ । जस अनुसार मगर ९२९३, ब्राम्हण ७५६५,क्षेत्री ६१३२, नेवार ४०७४, कामी ३५२४, गुरुङ ३४४४, दरै ३२७३, सार्की १७७४, दमाईं १५६५, ठकुरी १०७२, मुस्लिम ८६८, कुमाल ८६१, बोटे ६५२ र अन्य २७८० गरी विभिन्न जनसमुदायको वसोवास रहेको देखिन्छ । यस नपाको जनघनत्व प्रति वर्ग कि.मी. ५४१.४९ रहेको छ र ९६ प्रतिशत जनसंख्या साक्षर रहेका छन् ।

व्यास नगरपालिका वरपर रहेका धार्मिक स्थलहरुमा छाब्दी बराही, घुटुक्दी वराह, निर्वु वराह, चम्रे ओडार, व्यास गुफा, शिवपंञ्चायन मन्दिर, पराशर गुफा र अनन्त गुफा आदि पर्दछन् । गणेशमान पार्क, बाल उद्यान पार्क, पानीको फोहरा, भानुघासी स्मारक पार्क आदि यहाँका मनोरन्जनात्मक सम्पदा हुन् ।

नगरपालिका स्थापनापूर्व यस नपामा बाटो, विजुली, खानेपानी, टेलिफोन जस्ता भौतिक पूर्वाधारहरु केवल सदरमुकाम दमौलीमा मात्र सीमित थियो भने नपा स्थापना पश्चात् उक्त भौतिक सुविधाहरु विस्तारै नपाको ग्रामिण क्षेत्रमा पनि विस्तार भएको छ । भौतिक संरचनाको रुपमा पिच सडक ३५.८८ कि.मी., ग्राभेल बाटो ५४.५२ कि.मी., कच्ची (ट्रेल बाटो समेत) १७०.८४ कि.मी., मूल ढल ८५७ मी. र शाखा ढल १६३३० मी. रहेको छ भने फड्के पुल, स्टिल पुल, कल्भर्ट आदि निर्माण भइसकेका छन् । खानेपानी तर्फ मझौला तथा साना खानेपानी आयोजनाहरु निर्माण भइरहेका छन् । विजुली बत्ती करीब ९८ प्रतिशत आपूर्ति भइसकेको छ । सहरी इलाकामा १७०० लाइन टेलिफोन वितरण गरिएको छ भने ७० लाइन CDMA र मोवाइल ग्रामिण इलाकामा वितरण गरिएको छ । स्वास्थ्य क्षेत्रमा २ वटा सरकारी अस्पताल, ५ वटा निजी अस्पताल, १४ वटा क्लिनिक र केही स्वास्थ्य चौकीहरु रहेका छन् । शिक्षा क्षेत्र अन्तर्गत यस नगरपालिकामा पूर्व प्रा.वि. (बाल विकास केन्द्र) ४३, प्रा.वि. ३१, नि.मा.वि.१७, मा.वि. १७, व्यवसायिक स्कूल (CTEVT) १, उच्च मा.वि.१०, क्याम्पस १ र प्राथमिक शिक्षक तालिम केन्द्र १ रहेका छन् । सरसफाइको लागि दैनिक बजार क्षेत्रमा ८.५ टन फोहरमैला उठाउने कार्य गरिन्छ ।

यस नगरपालिकाले हालसम्म आफ्नो आम्दानीमा पनि बृद्धि गर्दै लगेको यथार्थ हालसम्मको आम्दानी तथ्यांकले देखाउँछ । शुरुका वर्ष (०४९।५०)का कुल आफ्नै स्रोतको आम्दानी ३३ लाखबाट बढाएर ४ करोड ३३ लाखको हाराहारीमा पुराउन सफल भएको छ । आम्दानीको मुख्य स्रोतहरुमा पसल कवल भाडा, एकिकृत सम्पत्ति कर, नक्शापास दस्तुर, गिट्टी, वालुवा आदि रहेका छन् ।

## १.२ नगरपालिका स्तरीय विपद् जोखिम व्यवस्थापन योजना निर्माणका उद्देश्यहरु

व्यास नगरपालिकाभित्रका प्रकोप जोखिम सङ्कटासन्नता तथा क्षमताको पहिचान गरी संभावित विपद्बाट हुने क्षति क्रमिक रुपमा कम गर्ने लक्ष्यका साथ "व्यास नगरपालिका विपद् जोखिम व्यवस्थापन गुरु योजना" तयार पारिएको छ । यस विपद् जोखिम व्यवस्थापन गुरु योजनाले तपशील बमोजिमका प्रमुख उद्देश्यहरु तय गरेको छ :

- २०७७ असार मसान्तभित्र व्यास नगरपालिकाका १४ वडाहरुको प्राथमिकतामा परेको ५ प्रकोपहरुको लागि समुदायमा आधारित विपद् जोखिम न्यूनीकरण तथा पूर्वतयारी योजना तर्जुमा गरी कार्यान्वयन गर्न नगर तथा वडा विपद् जोखिम व्यवस्थापन समितिहरुको क्षमता विकास गर्ने ।
- व्यास नगरपालिकामा राष्ट्रिय भवन निर्माण संहिताको क्रमिक रुपमा चरणवद्ध कार्यान्वयन गरी २०७८ असार मसान्तभित्र नगरपालिकामा बन्ने सबै निजी तथा सार्वजनिक घरहरु अनिवार्य रुपले भूकम्प प्रतिरोधात्मक बनाउने प्रणालीको कार्यान्वयन गर्ने ।
- २०७९ असार मसान्तभित्र व्यास नगरपालिका प्रत्येक वडाहरुमा आपतकालीन खोज उद्दार तथा प्राथमिक उपचारमा दक्ष ६, ६ जना स्वयंसेवकहरुको दुई टोली गठन गरी वडा विपद् जोखिम व्यवस्थापन समितिका मातहतमा रहने गरी परिचालन गर्ने ।
- २०८० असार मसान्तभित्र व्यास नगरपालिका प्रत्येक वडामा विद्यमान सङ्कटासन्नता अनुसार प्राथमिकीकरण गरिएको ४ ठाउँमा आपत्कालीन खोज उद्दार तथा प्राथमिक उपचारका आधारभुत सामग्रीहरु आ-आफ्ना वडाका खोज उद्दार तथा प्राथमिक उपचार टोलीले प्रयोग गर्ने गरी वडा विपद् जोखिम व्यवस्थापन समितिका मातहतमा भण्डारण गर्ने ।
- २०८५ असार मसान्तभित्र व्यास नगरपालिकामा कार्यान्वयन हुने सम्पूर्ण नगर स्तरीय विकास निर्माणका कार्यक्रमहरुमा विपद् जोखिम न्यूनीकरणका अवधारणाहरु समाहीत गर्ने पद्धति कार्यान्वयन गर्ने ।

## १.३ नगरपालिका स्तरीय विपद् जोखिम न्यूनीकरणको गुरु योजनाको विकास क्रम

व्यास नगरपालिकामा भूकम्पीय जोखिम न्यूनीकरण क्रियाकलापहरु वि.सं २०५९ देखिनै सुरु भएको हो भने वि.सं २०६२ देखि बहुप्रकोपीय न्यूनीकरण क्रियाकलापहरु पनि सुरु भइसकेको थियो । वि.सं २०६८ मा विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिका बने पश्चात यहाँ अझ प्रभावकारी तरीकामा विपदका कामहरु हुन थालेका छन् । निर्देशिका अनुरुप वडा/नगर स्तरीय विपद् जोखिम व्यवस्थापन समितिहरु पनि गठन भइसकेका छन् । नगर स्तरीय समितिका केही सदस्यहरुले विपद् जोखिम व्यवस्थापनको ५ दिने तालिम पनि प्राप्त गरिसक्नुभएको छ । यसै सन्दर्भमा विपद् व्यवस्थापनका कामहरुलाई अझ प्रभावकारी बनाउनको लागि वि.सं २०७३ को फागुन महिनामा सङ्कटासन्नता क्षमता लेखाजोखा तालिम कार्यक्रम सम्पन्न भएको थियो ।

व्यास नगरपालिकाको अगुवाइमा NSET नेपालको प्राविधिक सहयोग र USAID र वातावरण मैत्री स्थानीय शासन कार्यक्रम (EFLGP ) को आर्थिक सहयोगमा यस नगरपालिका स्तरीय विपद् जोखिम न्यूनीकरणको गुरु योजनाको तर्जुमा गरिएको हो ।

यसका लागि गण्डकी रिभर भिउटप होटलमा आयोजित सङ्कटासन्नता क्षमता लेखाजोखा तालिम कार्यक्रममा तालिम प्राप्त ४० जना स्थानीय स्वयंसेवकहरुद्वारा व्यास नगरपालिकाका १४ वटै वडाहरुको सङ्कटासन्नता तथा क्षमता लेखाजोखा गरिएको थियो ।

### १.४ योजनाको आवश्यकता तथा महत्व

सहरी क्षेत्रमा बढ्दै गएको समस्याहरु (अनियन्त्रित बसाइसराई, जनसंख्या वृद्धि, अव्यवस्थित सहरीकरण, वन फडानी, जलवायु परिवर्तन आदि) का कारण विगतको तुलनामा विपद्का घटना र त्यसबाट हुने क्षति दिन प्रतिदिन बढ्दै गइरहेको छ । वर्षौं लगाएर करोडौंको लगानीमा तयार भएका भौतिक संरचनाहरुलाई भूकम्प, बाढी, पहिरो जस्ता विपद्हरुले क्षणभरमै तहसनहस पार्ने गरेका छन् ।

प्राकृतिक विपद्लाई रोक्न नसके पनि जोखिम न्यूनीकरण तथा पूर्वतयारी योजना बनाएर क्रमवद्ध रुपमा कार्य गरेको खण्डमा, त्यस्ता विपद्हरुबाट हुने धनजनको क्षति उल्लेखनीय रुपमा घटाउन सकिन्छ । विकास निर्माणको प्रक्रियामा विपद् जोखिम न्यूनीकरणलाई समावेश गर्न सकेमा विकास निर्माणको प्रतिफल धेरै आउने र संकटासन्नतामा कमी ल्याई विपद् उत्थानशिल समुदाय निर्माण गर्न सकिने कुरा सबैतिर महशुस हुन थालेको छ ।

यसैकारण व्यास नगरपालिकामा नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले तयार पारेको विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिका २०६८ अनुरुप वडा/नगरस्तरीय विपद् जोखिम व्यवस्थापन समिति गठन भएको छ । नगरपालिकाभित्र विद्यमान प्रकोप, सङ्कटासन्नता तथा क्षमताको पहिचान गरी भविष्यमा हुन सक्ने विपद्हरुको क्षति कम गर्नका लागि न्यूनीकरण तथा पूर्वतयारी योजनाहरु तर्जुमा गरी कार्यान्वयन गर्नु यस गुरु योजनाको लक्ष्य हो ।

यस विपद् जोखिम व्यवस्थापन गुरु योजनाको चरणवद्ध कार्यान्वयनले समुदाय तथा सरोकारवालाहरुको विपद् जोखिम व्यवस्थापनमा क्षमता तथा दक्षता वृद्धि गरी विपद् उत्थानशिल नगरपालिका निर्माणका लागि विशेष योगदान गर्नेछ ।

### १.५ योजनाको सीमा

यस व्यास नगरपालिका विपद् जोखिम व्यवस्थापन योजनाको कार्यक्षेत्र तथा दायरा व्यास नगरपालिकाभित्र आइपर्न सक्ने साना तथा मध्यमस्तरीय विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी तथा प्रतिकार्यका क्रियाकलापहरुमा सीमित रहने छ । विपद्को कुनै पनि घटना राजनैतिक वा प्रशासनिक सिमानाभित्र सीमित नहुने हुँदा यस योजनाको कार्यान्वयनको क्रममा छिमेकी नपा/गाविससँग समन्वय गरिने छ ।

यस गुरु योजनामा समावेश भएका विपद् जोखिम व्यवस्थापनका क्रियाकलापहरुको लागि आवश्यक आर्थिक स्रोत साधन र जनशक्ति, नगरपालिकाभित्रकै स्रोत साधनबाट सुरु गर्नुपर्ने बाध्यता पनि छ । यसको लागि नगरपालिकाभित्र कार्यरत विभिन्न दातृ निकाय र गैर सरकारी संघसंस्थाहरुको समन्वयमा जुटाउने परिपाटीको विकास गर्न आवश्यक छ । यसको अलावा नगरपालिकाले पनि आफ्नो विकास निर्माणको बजेटको केही अंश विपद् जोखिम व्यवस्थापनका लागि समेत विनियोजन गर्न अति आवश्यक छ ।

यस गुरु योजनाले नगरपालिकाभित्र हुने विकास निर्माणका योजना तर्जुमा तथा कार्यान्वयनको क्रममा विपद् जोखिम न्यूनीकरणका विधाहरुलाई समाहित गर्न सघाउने छ ।

### १.६ कार्यविधि

नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयद्वारा निर्मित स्थानीय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिका, २०६८ को आधारमा रही यो नगरस्तरीय विपद् जोखिम व्यवस्थापन योजना तयार गरिएको हो ।

यो योजना निर्माणको लागि फागुन २ देखि फागुन ४ गतेसम्म तीन दिने सङ्कटासन्नता क्षमता लेखाजोखा तालिम कार्यक्रम गरिएको थियो । व्यास नगरपालिकाको अगुवाइमा NSET को प्राविधिक सहयोग र USAID र वातावरण मैत्री स्थानीय शासन कार्यक्रम (EFLGP ) को आर्थिक सहयोगमा सो तालिम कार्यक्रम आयोजना गरिएको थियो । तालिम कार्यक्रममा नगरपालिकाकै सामाजिक परिचालक र वडा विपद् जोखिम व्यवस्थापन समितिका प्रतिनिधिहरुको सहभागीता थियो ।

यिनै तालिम प्राप्त स्थानीय वासिन्दाद्वारा संकलन गरिएको तथ्याङ्क, नगरपालिका र वडा कार्यलयहरुबाट संकलन गरिएको तथ्याङ्क, र विज्ञहरुद्वारा गरिएको अध्ययनका आधारमा यो नगरपालिका स्तरीय विपद् जोखिम व्यवस्थापनको योजनाको मस्यौदा तयार गरिएको थियो । उक्त मस्यौदा (“‘) मितिमा व्यास नगरपालिकाले आयोजना गरेको कार्यशालामा प्रस्तुती तथा छलफल गरिएको थियो । उक्त कार्यशालाले दिएको निर्देशन् अनुरुप परिमार्जन गरी यो विपद् जोखिम व्यवस्थापन गुरु योजनालाई अन्तिम रुप दिइएको थियो । (“‘) मितिमा आयोजित व्यास नगरपालिका विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा कार्यशालाले पारित गरेको यो गुरु योजना आगामी परिषदबाट अनुमोदन गराई क्रमवद्ध रुपमा कार्यान्वयन गरिनेछ ।

## १.७ योजना कार्यान्वयन रणनीति

यो योजना व्यास नगरपालिकाले पारित गरेपछि कार्यान्वयन गर्नेछ । यसका लागि नगरपालिकाले वार्षिक कार्यक्रम अन्तर्गत जिल्ला विपद् जोखिम व्यवस्थापन समिति, जिल्ला समन्वय समिति, विषयगत कार्यालय, नेपाल रेडक्रस सोसाइटी, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था तथा दातृ निकाय समेतको समन्वय र सहयोगमा बजेटको व्यवस्था गर्नेछ । यसका साथै योजना अनुसार समुदाय र सरोकारवालाहरुलाई परिचालन समेत गर्नेछ ।

व्यास नगरपालिकाभित्र विपद् जोखिम व्यवस्थापनका विधामा काम गर्न चाहने सरकारी, गैर-सरकारी निकाय वा अन्य संघ-संस्थाहरुलाई यसै गुरु योजनालाई सघाउने गरी कार्य योजना तर्जुमा गर्न लगाइ कार्यन्वयन गरिनेछ । त्यसरी गरिने कार्यक्रमहरु यो योजनाको दायरा भन्दा बाहिर पर्न गए पनि उक्त कार्यक्रमले विपद् जोखिम व्यवस्थापनलाई सघाउ पुर्‍याउने ठहर भएमा उक्त कार्यक्रम यस गुरु योजनामा समावेश गरी संचालन गरिनेछ ।

स्थानीय तवरमा विपद् जोखिम व्यवस्थापनलाई व्यवहारमा ल्याउन यो योजनाले संस्थागत विकास, क्षमता विकास र नमूना योजना गरी तीन खम्बे रणनीति समावेश गरेको छ ।

- **संस्थागत विकास**

व्यास नगरपालिकाभित्रका १४ वटै वडाहरुमा नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले लागू गरेको स्थानीय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिका २०६८ अनुरुप समितिहरु गठन गरी सकिएको छ । नगरस्तरीय विपद् जोखिम व्यवस्थापन समितिको संयोजनमा वडास्तरीय समितिहरुले काम गर्ने छन् ।

- **क्षमता विकास**

संस्थागत विकास अन्तर्गत गठन भएका नगर तथा वडास्तरीय विपद् जोखिम व्यवस्थापन समितिका सदस्यहरुलाई विपद् जोखिम व्यवस्थापन लगायत अन्य सम्वन्धित दक्षता अभिवृद्धिका लागि सैदान्तिक ज्ञान तथा व्यवहारिक सीप प्रदान गर्न विविध तालिम कार्यक्रमहरुको आयोजना गरिनेछ ।

- **नमूना योजना**

नगर तथा वडा विपद् जोखिम व्यवस्थापन समितिका निर्देशन्मा यो विपद् जोखिम व्यवस्थापन गुरु योजनामा उल्लेखित क्रियाकलापहरुलाईनै नमूना योजनाको रुपमा तर्जुमा गरी कार्यान्वयन गरिनेछ । यस गुरु योजनामा समय अनुकूलको आवधिक परिमार्जन गरी अध्यावधिक गरिदैं लगिने छ ।

## १.८ योजनाको अनुगमन, मूल्याङ्कन, पुनरावलोकन तथा अध्यावधिक

नगरपालिकाको विपद् जोखिम व्यवस्थापन समितिले वार्षिक रुपमा स्थानीय विपद् जोखिम व्यवस्थापन योजना कार्यान्वयनको प्रभावकारिताको नियमित अनुगमन, मूल्याङ्कन तथा पुनरावलोकन गर्नेछ र आवश्यकता अनुसार नगरपालिकालाई सिफारिस गर्नेछ । सो अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन सम्बन्धित निकाय, स्थानीय निकाय र स्थानीय विकास मन्त्रालयमा पेश गर्ने उत्तरदायित्व पनि विपद् जोखिम व्यवस्थापन समितिकै हुनेछ ।

नगरपालिकाको कुनै पनि क्षेत्रमा उत्पन्न विपद्ले सङ्कटासन्नता, क्षमता र जोखिममा पारेको परिवर्तनलाई सम्बोधन गर्न प्रत्येक वर्ष योजनाको पुनरावलोकन गरी वार्षिक कार्यक्रम तथा याजेना तयार गर्नु पर्नेछ । विपद् जोखिम व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन प्रत्येक पाँच वर्षमा योजनाको बहृत् पुनरावलोकन गरी अध्यावधिक गर्नु पर्नेछ ।

## २. प्रकोप, सङ्कटासन्नता, र जोखिम स्तरीकरण र विश्लेषण

व्यास नगरपालिकाभित्र विगतमा भएका विपद्जन्य घटनाको आधारमा वस्तुगत अवस्था आंकलन गर्ने प्रयास भएको छ । बिगतका विपद् सम्बन्धि तथ्याङ्कको अभावका कारणले वास्तविकता पत्ता लगाउन असहज भएता पनि उपलब्ध तथ्याङ्क तथा सरोकारवालाहरुको राय समेतमा यस नगरपालिकाभित्र पर्नसक्ने विपद्हरु पहिचान गरी प्राथमिकीकरण गरिएको छ ।

### २.१ प्रकोपको पहिचान तथा जोखिम स्तरीकरण

२०७३ फागुनमा सम्पन्न विपद् सङ्कटासन्नता तथा क्षमता लेखाजोखा सर्वेक्षणले व्यास नगरपालिकामा भूकम्प, असिना, हावाहुरी, चट्याङ्ग, बाढी, आगलागी, पहिरो, महामारी, तुषारो गरी तलको तालिका अनुसार ९ प्रकारका प्रकोपहरुको पहिचान गरेको छ ।

| **प्रकोप** | **असिना** | **आगलागी** | **चट्याङ्ग** | **तुषारो** | **पहिरो** | **बाढी** | **भूकम्प** | **महामारी** | **हावाहुरी** |
|---|---|---|---|---|---|---|---|---|---|
| असिना | | असिना | असिना | तुषारो | असिना | असिना | भूकम्प | असिना | असिना |
| आगलागी | | | चट्याङ्ग | आगलागी | आगलागी | बाढी | भूकम्प | आगलागी | हावाहुरी |
| चट्याङ्ग | | | | चट्याङ्ग | चट्याङ्ग | चट्याङ्ग | भूकम्प | चट्याङ्ग | हावाहुरी |
| तुषारो | | | | | पहिरो | बाढी | भूकम्प | महामारी | हावाहुरी |
| पहिरो | | | | | | बाढी | भूकम्प | पहिरो | हावाहुरी |
| बाढी | | | | | | | भूकम्प | बाढी | हावाहुरी |
| भूकम्प | | | | | | | | भूकम्प | भूकम्प |
| महामारी | | | | | | | | | हावाहुरी |
| हावाहुरी | | | | | | | | | |
| जम्मा | ६ | ३ | ५ | १ | २ | ४ | ८ | १ | ६ |
| स्तरीकरण | २ | ६ | ४ | ९ | ७ | ५ | १ | ८ | ३ |

स्तरीकरण अनुसार आएको परिणाम यस प्कार छ :

| **प्रकोप** | भूकम्प | असिना | हावाहुरी | चट्याङ्ग | बाढी | आगलागी | पहिरो | महामारी | तुषारो |
|---|---|---|---|---|---|---|---|---|---|
| **स्तरीकरण** | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ |

### २.२ प्रकोप जोखिम विश्लेषण

प्रकोप नक्शा चित्र

| क.स. | प्रकोप | कारण | कारक तत्व | प्रमुख प्रभाव | जोखिम न्यूनीकरणका उपायहरु |
|---|---|---|---|---|---|
| १ | भूकम्प | तिब्बती र भारतीय भूखण्ड बीचको संघर्षण । | अव्यवस्थित सहरीकरण ।<br><br>भूकम्प थेग्ने गरी नबनाईएका कमजोर आवासिय/ सार्वजनिक भवन लगायतका भौतिक पूर्वाधारहरु ।<br><br>प्रभावकारी विपद् जोखिममा आधारित भूउपयोग योजनाको अभाव ।<br><br>भूकम्प प्रतिरोधी निर्माण प्रविधि सम्बन्धी जानकारीको कमी । | भवनहरुमा क्षति हुनाले मानिस, पशुपंक्षीहरु घाइते हुने ।<br><br>शहरी जनसंख्याको ठूलो हिस्सा घरवारबिहिन हुने ।<br><br>मानिसमा डर र त्रास हुनु ।<br><br>जिविकोपार्जनमा समस्या (अस्थाइ शिविरमा बस्न पर्नु) ।<br><br>विद्यालय, स्वास्थ्य चौकी, सामुदायिक भवन आदि भौतिक पूर्वाधारहरुको क्षति हुने ।<br><br>पुल तथा सडकहरु क्षति हुने । | भूकम्पीय जोखिम लेखाजोखा, जोखिम न्यूनीकरण तथा पूर्वतयारीको विषयमा जनचेतना अभियान सञ्चालन गर्ने ।<br>विभिन्न स्तरमा भूकम्पीय जोखिम न्यूनीकरण, पूर्वतयारी तथा प्रतिकार्य तालिम कार्यक्रम तर्जुमा गर्ने ।<br>इन्जिनियर, आर्किटेक्ट तथा सब-इन्जिनियरहरुको लागि भूकम्प प्रतिरोधी भवन डिजाइन तथा निर्माण प्रविधि तालिम कार्यक्रम तर्जुमा गर्ने ।<br>निर्माणकर्मीहरुको लागि भूकम्प प्रतिरोधी भवन निर्माण प्रविधि तालिम कार्यक्रम सञ्चालन गर्ने ।<br>भवन निर्माण संहिता र मापदण्ड लागू गर्ने जनचेतनाको वृद्धि गर्ने ।<br>बनिसकेका संरचनाहरुको भूकम्पीय प्रवलीकरण गर्ने ।<br>सम्पूर्ण नगरपालिका क्षेत्रमा राष्ट्रिय भवन निर्माण संहिताको पूर्ण कार्यान्वयन गर्ने/गराउने ।<br>गैर-संरचनात्मक जोखिम लेखाजोखा तथा अल्पीकरण तालिम कार्यक्रम सञ्चालन गर्ने ।<br>गैर-संरचनात्मक जोखिम अल्पीकरण अभियान सञ्चालन गर्ने ।<br>समुदायस्तरीय प्राथमिक उपचार तथा खोज उद्धार तालिम प्रदान गर्ने ।<br>नगरपालिकाका प्रत्येक वडाहरुमा आवश्यक मात्रामा सरल खोज उद्धार उपकरणहरुको भण्डारण गर्ने ।<br>समुदाय, शिक्षण संस्था तथा अस्पतालहरुमा भूकम्पीय पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्ने ।<br>समुदाय, शिक्षण संस्था तथा अस्पतालहरुमा आवधिक भूकम्पीय प्रतिकार्य अभ्यास गर्ने/गराउने ।<br>वडा/नगरपालिका स्तरीय सामाजीक, भौतिक, धार्मिक, प्राकृतिक आदि सबै सम्पदाहरुको सूची/ अभिलेख तयार गर्ने ।<br>नगरपालिकाभित्र रहेका सार्वजनिक खुल्ला जमिन तथा भवन परिसरहरुको अभिलेख तयार गरी<br>सङ्कटासन्न टोल समुदायमा भएका सार्वजनिक खुल्ला जमिन तथा भवन परिसरहरुमा समुदायमा आधारित आपत्कालिन अस्थायी बसोबास योजना निर्माण गरी जानकारी गराउने । निकासी योजना (Evacuation plan) तयार गर्ने ।<br>मानिसको, पशुपक्षिंको र कृषिबालीको बीमा गर्नका लागि उचित व्यवस्था मिलाउने । |

| क.स. | प्रकोप | कारण | कारक तत्व | प्रमुख प्रभाव | जोखिम न्यूनीकरणका उपायहरु |
|---|---|---|---|---|---|
| २ | असिना | मौसमी प्रक्रिया | असिना छेक्ने प्रविधि नहुनु । खेती गर्ने र असिना पर्ने समय एउटै हुनु । | घरको पानी ट्याङ्की, झ्याल, ढोका र छानामा प्वाल पर्ने । खेतीवाली नष्ट हुने । मानिसहरु सामान्य घाइते हुने । | भवनका कमजोर भागहरु र खेतीवालीलाई असिनाबाट जोगाउने प्रविधिको प्रयोग गर्ने । वाली प्रणाली परिवर्तन गर्ने । *असिनाले बिगार्ने वाली असिनाको मौसम भन्दा फरक समयमा लगाउने ।* *असिनाले नबिगार्ने वालीको विकास तथा प्रयोग गर्ने ।* *फूल फुल्ने वोट विरुवामा असिनाको असर कम गर्न जालीको प्रयोग गर्ने ।* कृषिबालीको बीमा गर्नका लागि उचित व्यवस्था मिलाउने । |
| ३ | हावाहुरी | मौसमी प्रक्रिया | भवनमा कमजोर छाना हुनु । उच्च ठाँउमा बस्ति हुनु । | भवनहरुको क्षति (छाना उडाउने) । खेती बाली तथा फलफूल नष्ट हुने । मानिसहरु सामान्य घाइते हुने । | भवनका कमजोर भागहरु बलियो बनाउने, छाना बलियोसँग राख्ने । खेतीवालीलाई हावाहुरीबाट जोगाउने प्रविधिको प्रयोग गर्ने, बेमौसमी खेती प्रणाली लागू गर्ने, जनचेतनाको वृद्धि गर्ने । समुदाय, वडा, नगरस्तरीय हावाहुरी जोखिम न्यूनीकरण, पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्ने । |
| ४ | चट्याङ्ग | मौसमी प्रक्रिया | भवनहरुमा अर्थिङ्गको प्रयोग नहुनु । विद्युतिय सामानको प्रयोग बढ्नु । घर कमजोर हुनु । | विद्युतिय सामानको क्षति हुने । मानिसहरु घाइते हुने । | अर्थिङ्गको प्रयोगबारे जनचेतनाको वृद्धि गर्ने । समुदाय, वडा, नगरस्तरीय चट्याङ्ग जोखिम न्यूनीकरण, पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्ने । विभिन्न स्तरमा चट्याङ्गबाट सुरक्षित रहने योजना तर्जुमा गर्ने । सामुदायिक चट्याङ्ग अवरोधकहरुको निर्माण गर्ने । |
| ५ | बाढी/पहिरो | केही समथर भूभाग र वन विनास | अव्यवस्थित बस्ती । प्रभावकारी विपद् जोखिममा आधारित भूउपयोग योजनाको अभाव । तटबन्धन नहुनु, जोखिम क्षेत्रमा बसोबास गर्नु । जनचेतनाको कमी । | मानिस, पशुपंक्षीहरु घाइते वा मृत्यु हुने । बालीनाली तथा भौतिक पूर्वाधारहरुमा क्षति हुने । नदी कटान हुने । शुद्ध पानी तथा सरसफाइको अभावका कारण रोग फैलिने । | खोलानाला, जलाशय तथा जलाधार क्षेत्रमा वृक्षारोपण गर्ने । बनजंगलको संरक्षण तथा वृद्धि गर्ने । बाढी तथा पहिरो जाने क्षेत्रमा जैविक इन्जिनियरिंग प्रविधिको तटबन्धन गर्ने । समुदाय, वडा, र नगरस्तरीय बाढी न्यूनीकरण, पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्ने । खोज र उद्धार तालिम कार्यक्रम तर्जुमा गर्ने । पूर्वसूचना प्रणालीको स्थापना गर्ने । भिरालो जमिनमा बसोबास नगर्ने । मानिसको, पशुपक्षिंको र कृषिबालीको बीमा गर्नका लागि उचित व्यवस्था मिलाउने । |
| ६ | आगलागी | प्राकृतिक (हुरी), विद्युत सर्ट सर्किट, मानवीय लापरवाही | अस्थायी प्रकृतिका खर, जस्तापाता तथा टायलको छाना तथा अत्याधिक काठ प्रयोग भएका घर बस्ती । जथाभावी विद्युत लाइन निर्माण । | मानिसहरु गम्भीर रुपमा पोलिने । लामो समय सम्म बिरामी पर्ने तथा मृत्यु हुने । उचित उपचार पाउन कठिन पर्ने । विद्युतिय सामानको क्षति हुने । | आगलागी नियन्त्रणका लागि इनार, पोखरी जस्ता जलस्रोतहरुको पहिचान गरी संरक्षण गर्ने । अग्नि नियन्त्रणका लागि उपयोगी परम्परागत/आधुनिक उपायहरुको व्यापक प्रचार प्रसार गर्ने । दमकलको व्यवस्था गर्ने । विभिन्न स्तरमा अग्नि नियन्त्रण तथा प्रतिकार्य तालिम कार्यक्रम तर्जुमा गर्ने । आगलागी नियन्त्रण तथा प्रतिकार्य योजना तर्जुमा गर्ने । |

| क्र.स. | प्रकोप | कारण | कारक तत्व | प्रमुख प्रभाव | जोखिम न्यूनीकरणका उपायहरु |
|---|---|---|---|---|---|
| | | | जनचेतनाको कमी ।<br>आगोको दुरुपयोग | घर वस्ती, कल कारखाना, वन जंगल बिनास हुने । | नगरपालिकाभित्र तथा आसपासका अस्पतालहरुमा विभिन्न स्तरका पोलिएका बिरामीहरुको लागि विशेष उपचार कक्षहरुको स्थापना गर्ने ।<br>स्थानीय निकायले जथाभावी बनाएको, विद्युत लाइन व्यवस्थित गर्न स्थानीय वासिन्दालाई सीप प्रदान गर्ने ।<br>आगोको प्रयोग गर्दा सचेत रहने जनचेतनाको वृद्धि गर्ने । |
| ७ | महामारी | प्रदुषित हावापानी, सरसफाइमा कमी । | जनचेतनाको कमी ।<br>उपचार गर्न नसक्नु । | मानिसहरु तथा पशु पक्षिंहरु बिरामी पर्ने तथा मृत्यु हुने । | औषधी व्यवस्थापन गर्ने ।<br>सरसफाइमा ध्यान दिनेबारे जनचेतना वृद्धि गर्ने ।<br>वातावरण स्वच्छ राख्ने ।<br>स्वास्थ्य शिविर खोलेर, बिरामी छुट्याएर उपचार गर्ने ।<br>सरुवा रोग नियन्त्रण गर्ने । |
| ८ | तुषारो | मौसमी प्रक्रिया | अत्याधिक चिसो, न्यानो कपडाको कमी ।<br>तुषारोबाट असर नपर्ने वालीनालीको ज्ञानको कमी । | तरकारी बालीमा असर पर्ने ।<br>मानिसहरु बिरामी हुने । | औषधी उपचार सेवा स्थापना गर्ने ।<br>न्यानो कपडा लगाउने जनचेतना वृद्धि गर्ने ।<br>तरकारीलाई औषधी प्रयोग गरी तुषारोबाट बचाउने चेतना बढाउने ।<br>तुषारोबाट खराब असर नपर्ने/राम्रो हुने वालीनालीको प्रयोग गर्ने ।<br>बाली सुरक्षित राख्न प्लास्टिक सुरुङ वा परालको प्रयोग गर्ने । |

## २.३ सङ्कटासन्नता स्तरीकरण विश्लेषण

विपद् जोखिम व्यवस्थापन योजना अन्तर्गतको क्षेत्रमा भैपरीआउने सङ्कटहरुको स्तर कस्तो प्रकारको छ भन्ने थाह पाउनको लागि यो अध्ययन निम्न प्रस्तुत तालिका अनुसार गरिन्छ ।

| क्र.सं. | अङ्कभार | स्तर |
|---|---|---|
| १ | ०.७ देखि ०.७९ अङ्कभार | उच्च सङ्कटासन्न |
| २ | ०.६ देखि ०.६९ अङ्कभार | मध्यम सङ्कटासन्न |
| ३ | ०.५९ भन्दा कम अङ्कभार | न्यून सङ्कटासन्न |

*स्रोतः स्थानिय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा २०६८*

स्थानीय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा २०६८ अनुसार व्यास नगरपालिकाको सङ्कटासन्नता स्तरीकरण यस प्रकार छः

| **सङ्कटासन्नता** | भूकम्प | असिना | हावाहुरी | चट्याङ्ग | बाढी | आगलागी | पहिरो | महामारी | तुषारो |
|---|---|---|---|---|---|---|---|---|---|
| **स्तरीकरण** | न्यून | न्यून | न्यून | न्यून | उच्च | मध्यम | न्यून | न्यून | न्यून |

*यो सङ्कटासन्नता स्तरीकरणको विस्तृत विवरण अनुसूची १ मा प्रस्तुत गरिएको छ ।*

## २.४ प्रकोप/सङ्कटासन्नता तुलनात्मक विश्लेषण

प्रकोप र सङ्कटासन्नता विश्लेषण गर्दा निम्न अनुसारको स्तरीकरण गरिएको छ ।

| **प्रकोप** | भूकम्प | बाढी | आगलागी | पहिरो | असिना | हावाहुरी | चट्याङ्ग | महामारी | तुषारो |
|---|---|---|---|---|---|---|---|---|---|
| **स्तरीकरण** | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ |

## ३ क्षमता विश्लेषण

| भौतिक पूर्वाधार नक्शा चित्र | प्राकृतिक क्षमता विश्लेषण नक्शा चित्र |
|---|---|

व्यास नगरपालिकाभित्र खुल्ला स्थानको रुपमा गाईवस्तु चरण १४००, खेल मैदान ९३, सार्वजनिक जमिन २१८१, गरेर जम्मा क्षेत्रफल ३६७४ रोपनी अथवा १८६९०३७.२८ वर्ग मिटर छ।

पानीका स्रोतहरुमा ताल, तलाउ, पोखरी २१.५ रोपनी, नदी, नाला २७ कि.मी, खहरे खोला २५.८ कि.मी, सिमसार ३० रोपनी, इनार ७ वटा रहेका छन्।

सामुदायिक वन २६६४.१ हेक्टर, सरकारी वन ८० हेक्टर, निजी वन ४२.५ हेक्टर, कबुलियत वन ७२.५ हेक्टर गरी वनको जम्मा क्षेत्रफल २८५९.१० हेक्टर रहेको छ।

यसै गरी व्यास नगरपालिकाभित्र एउटा दमकल, एम्बुलेन्स (३ वटा), डुङ्गा/नाउ, क्रेन, जेनरेटर जस्ता उपकरणहरुको पनि उपलब्धता रहेको छ।

उपचार केन्द्रको रुपमा सरकारी अस्पताल एउटा, प्राइभेट अस्पताल ५ वटा, स्वास्थ्य चौकी ५ वटा, क्लिनिक २३ वटा, आयुर्वेदिक उपचार केन्द ६ वटा, औषधी पसल २६ वटा, पोली-क्लिनिक एउटा उपस्थित रहेका छन्।

उद्धार कर्मी, भु.पु. सैनिक, भु.पु. प्रहरी, नगर प्रहरी आदि मानवीय स्रोतको पनि कमी छैन।

## ४ विपद् जोखिम व्यवस्थापन योजना

भौतिक पूर्वाधारको विकास, संस्थागत विकास, प्राकृतिक स्रोत साधनको संरक्षण, जीविकोपार्जनमा सुधार, नीतिगत क्षेत्रमा आवश्यक परिमार्जन, जनचेतना तथा प्रचारप्रसार, लगायतका कार्यहरुमा विपद् जोखिम न्यूनीकरणको मूलप्रवाहीकरण गर्दै लैजाने अभिप्रायका साथ यो विपद् जोखिम न्यूनीकरण तथा पूर्वतयारी योजना तयार पारिएको हो। व्यास नगरपालिकाका १४ वटा वडाहरुमा गरिएको सङ्कटासन्नता तथा क्षमता लेखाजोखा सर्वेक्षणबाट पहिचान गरिएका ९ वटा प्रकोपहरुबाट आइपर्नसक्ने विपद्का जोखिम क्रमशः कम गर्दै लैजाने लक्ष्य यो योजनाले लिएको छ।

व्यास नगरपालिकाले नगरपालिका क्षेत्रभित्र विपद् जोखिम व्यवस्थापनसंग सम्बन्धित कार्य गर्ने सबै सरकारी निकाय, राष्ट्रिय, अन्तर्राष्ट्रिय, सरकारी, गैरसरकारी निकाय, नेपाल रेडक्रस सोसाइटी लगायतका संघसंस्थाहरुलाई यसै योजनाको उद्देश्य तथा कार्यक्रमहरुलाई सघाउ पुग्ने गरी कार्य सञ्चालन गर्न लगाउनेछ। यसको लागि आवश्यक संयोजन लगायत यस योजनामा समावेश कार्यक्रमहरु स्थानीय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिका २०६८ अनुसार गठन भएको व्यास नगरपालिका विपद् जोखिम व्यवस्थापन समितिले गर्नेछ। उक्त समितिले व्यास नगरपालिकासँग आवश्यक संयोजन गरी १४ वटा वडास्तरीय विपद् जोखिम व्यवस्थापन समितिहरु परिचालन गरेर योजनामा समावेश गरिएका क्रियाकलापहरु सञ्चालन गर्नेछ।

यस योजनाका क्रियाकलापहरुलाई ५ प्रमुख खण्डमा विभाजित गरिएको छ। प्रथम खण्डमा जनचेतना तथा क्षमता बृद्धिका कार्यक्रमहरु समावेश गरिएका छन्। दोस्रो खण्डमा जोखिम न्यूनीकरणका कार्यक्रमहरु संलग्न छन् भने तेस्रो खण्डमा आपत्कालिन पूर्वतयारी सम्बन्धी कार्यक्रमहरु राखिएका छन्। विपद् भइरहेको समयमा गर्नुपर्ने आपत्कालिन

प्रतिकार्यका कार्यसूची चौथो खण्डमा राखिएको छ र विपद्को लगत्तै पछि गर्नुपर्ने प्रमुख क्रियाकलापहरु भने पाचौं खण्डमा राखिएको छ ।

## ४.१ जनचेतना तथा क्षमता अभिवृद्धि (विपद् पूर्वतयारी)

| क.स | क्रियाकलाप | मुख्य जिम्मेवार संस्था | सहयोगी संस्थाहरु | स्रोत व्यवस्थापन | | समय अवधि |
|---|---|---|---|---|---|---|
| | | | | आन्तरिक | बाह्य | |
| १. | वडा/नगरपालिका स्तरीय सामाजीक, भौतिक, धार्मिक, प्राकृतिक आदि सबै सम्पदाहरुको सूची/ अभिलेख तयार गर्ने । | नविजोस | व्यास नपा | ✓ | | २०७५ - २०८५ |
| २. | नगरपालिकाभित्र रहेका सार्वजनिक खुल्ला जमिन तथा भवन परिसरहरुको अभिलेख तयार गरी सङ्कटासन्न टोल समुदायमा भएका सार्वजनिक खुल्ला जमिन तथा भवन परिसरहरुमा समुदायमा आधारित आपत्कालिन अस्थायी बसोबास योजना निर्माण गरी जानकारी गराउने । निकासी योजना (Evacuation plan) तयार गर्ने । | नविजोस | व्यास नपा | ✓ | | २०७५ - २०८५ |
| ३. | नगरपालिकाका प्रत्येक वडाका समुदायहरुका अगुवाहरुको लागि समुदायमा आधारित विपद् जोखिम न्यूनीकरण तथा पूर्वतयारी सम्बन्धी आधा दिवसीय सचेतना कार्यक्रमहरु सञ्चालन गर्ने । | नविजोस | टोलविकास संस्था, NSET | ✓ | | २०७५ - २०८५ |
| ४. | नगर तथा प्रत्येक वडाका विपद् जोखिम व्यवस्थापन समितिका ३ जना गरी ६० जना पदाधिकारीहरुलाई ५ दिवसीय समुदायमा आधारित विपद् जोखिम न्यूनीकरण तथा पूर्वतयारी सम्बन्धी २ वटा तालिम कार्यक्रमहरु सञ्चालन गर्ने । | वविजोस | व्यास नपा | ✓ | | २०७५ - २०८५ |
| ५. | नगरपालिकाका सबै वडाहरुमा सङ्कटासन्नता तथा क्षमता लेखाजोखा अध्यावधिक गर्ने । | वविजोस | तालिम प्राप्त स्वयंसेवकहरु | ✓ | | २०७५ - २०८५ |
| ६. | क्रियाकलाप ५ का आधारमा नगरस्तरीय सङ्कटासन्नता तथा क्षमता लेखाजोखा अध्यावधिक गर्ने । | नविजोस | व्यास नपा, वविजोस | ✓ | | प्रत्येक वर्ष |
| ७. | व्यास नगरपालिका विपद् जोखिम व्यवस्थापन योजनाका क्रियाकलापहरुको वार्षिक समीक्षा तथा आवश्यक सुधार परिमार्जन गरी अद्यावधिक गर्ने । | नविजोस | व्यास नपा, वविजोस | ✓ | | २०७५ - २०८५ |
| ८. | व्यास नगरपालिका नगरस्तरीय भूकम्प पूर्वतयारी तथा प्रतिकार्य र विपद् पश्चात्का क्रियाकलापहरुका योजना तर्जुमा गर्ने । | नविजोस | व्यास नपा, NSET | | | २०७५ - २०८५ |

| क्र.स | क्रियाकलाप | मुख्य जिम्मेवार संस्था | सहयोगी संस्थाहरु | स्रोत व्यवस्थापन | | समय अवधि |
|---|---|---|---|---|---|---|
| | | | | आन्तरिक | बाह्य | |
| ९. | आगलागी, असिना, हावाहुरी, चट्याङ्ग, तुषारो र महामारीबाट सावधानी अपनाउन सार्वजनिक सचेतना अभियान गर्ने । | नविजोस | व्यास नपा, स्थानीय पत्र पत्रिका, नेरेसो स्थानयि रेडियो | | | २०७५ - २०८५ |
| १०. | व्यास नगरपालिका स्तरीय बाढी/पहिरो पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्ने । | नविजोस | व्यास नपा, नेरेसो | | | २०७५ - २०८५ |
| ११. | नगरपालिकाका प्रत्येक वडाका समुदायहरुका अगुवाहरु, स्थानीय संघ संस्थाहरुका प्रतिनिधिहरु, पत्रकार, राजनैतिक दलका प्रतिनिधिहरु लगायत महिला समूहहरुको लागि प्रतिवडा २ वटा भूकम्पीय जोखिम न्यूनीकरण तथा पूर्वतयारी सम्बन्धी आधा दिवसीय सचेतना कार्यक्रमहरु सञ्चालन गर्ने । | नविजोस | व्यास नपा, नेरेसो | | | २०७५ - २०८५ |
| १२. | नगरपालिकाभित्र विभिन्न सरकारी, गैर सरकारी तथा निजी संघ संस्थाहरुमा कार्यरत इन्जिनियर, आर्किटेक्ट तथा सब इन्जिनियरहरुको लागि २ वटा पाँच दिवसीय भूकम्प प्रतिरोधी भवन डिजाइन तथा निर्माण प्रविधि तालिम कार्यक्रमहरु सञ्चालन गर्ने । | नविजोस | व्यास नपा, नेपाल, NSET | | | २०७५ - २०८५ |
| १३. | प्रत्येक वडाबाट कम्तिमा ३० जना मिस्त्रीहरुको लागि २० वटा पाँच दिवसीय भूकम्प प्रतिरोधी भवन निर्माण प्रविधि तालिम कार्यक्रमहरु सञ्चालन गर्ने । | नविजोस | व्यास नपा, NSET | | | २०७५ - २०८५ |
| १४. | प्रत्येक वडाबाट कम्तिमा २० जनाको लागि १२ वटा आधारभूत प्राथमिक उपचार तालिम कार्यक्रमहरु सञ्चालन गर्ने । | वविजोस | नविजोस, नेरेसो | | | २०७५ - २०८५ |
| १५. | प्रत्येक वडाबाट कम्तिमा १२ जनाको लागि ७ वटा तीन दिवसीय सरल खोज उद्धार तालिम कार्यक्रमहरु सञ्चालन गर्ने । | नविजोस | व्यास नपा, वविजोस, NSET | | | २०७५ - २०८५ |
| १६. | प्रत्येक वडाबाट कम्तिमा ३० जना गृहणीहरुको लागि २० वटा चार दिवसीय गैर-संरचनात्मक भूकम्पीय जोखिम अल्पिकरण तथा पूर्वतयारी तालिम कार्यक्रमहरु सञ्चालन गर्ने । | वविजोस | व्यास नपा, नविजोस, NSET | | | २०७५ - २०८५ |
| १७. | नगरपालिकाभित्र कार्यरत विपद् जोखिम व्यवस्थापनसँग सम्वद्ध सरकारी, गैर-सरकारी तथा निजी संघ संस्थाहरुका प्रतिनिधिहरुलाई २ वटा पाँच दिवसीय विपद् प्रतिकार्य तथा आपत्कालिन शिविर व्यवस्थापन तालिम कार्यक्रमहरु सञ्चालन् गर्ने । | नविजोस | व्यास नपा, वविजोस, नेरेसो, NSET | | | २०७५ - २०८५ |

| क.स | क्रियाकलाप | मुख्य जिम्मेवार संस्था | सहयोगी संस्थाहरु | स्रोत व्यवस्थापन | | समय अवधि |
|---|---|---|---|---|---|---|
| | | | | आन्तरिक | बाह्य | |
| १८. | क्रियाकलाप (१२-१७) का सहभागीहरुमध्ये इच्छुक तथा योग्य २४ जनालाई पाँच दिवसीय प्रशिक्षकका लागि प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने । | नविजोस | व्यास नपा, NSET | | | २०७५ - २०८५ |
| १९. | बाढी/पहिरो, आगलागी र भूकम्प गरी तीन प्रमुख विपद्हरुको पूर्वतयारीको जानकारी भएका प्रति प्रकोप १२ वटा तथा राष्ट्रिय भवन निर्माण संहिताको विषयमा १४ वटा गरी ५० वटा होर्डिङ्गबोर्डहरु नगरपालिका क्षेत्रका उपयुक्त स्थानहरुमा राख्ने ।<br>● *होर्डिङ्गबोर्डहरु राख्ने स्थानको पहिचान गर्ने ।*<br>● *होर्डिङ्गबोर्डहरुको नाप तथा डिजाइन तयार गर्ने ।*<br>● *पहिचान गरिएको निश्चित स्थानमा होर्डिङ्गबोर्डहरु राख्ने ।* | नविजोस | व्यास नपा, वविजोस, NSET | | | २०७५ - २०८५ |
| २०. | आपत्कालीन आश्रयका लागि उपयुक्त सार्वजनिक खुल्ला स्थान तथा भवनहरु प्रष्टसंग देखिने नक्सा भएको २० वटा होर्डिङ्गबोर्ड राख्ने ।<br>● *होर्डिङ्गबोर्डहरु राख्ने स्थानको पहिचान गर्ने ।*<br>● *होर्डिङ्गबोर्डहरुको नाप तथा डिजाइन तयार गर्ने ।*<br>● *पहिचान गरिएको निश्चित स्थानमा होर्डिङ्गबोर्डहरु राख्ने ।* | नविजोस | व्यास नपा | ✓ | | २०७५ - २०८५ |
| २१. | बिनासकारी भूकम्पपछि आपत्कालीन बसोबासका लागि उपयुक्त सार्वजनिक खुल्ला स्थानहरु तथा खोज उद्धारका उपकरणहरु रहेको ठाउँहरु प्रष्टसंग देखिने नक्सा भएको १२ वटा होर्डिङ्गबोर्ड नगरपालिकाको बजार क्षेत्रमा राख्ने ।<br>● *होर्डिङ्गबोर्डहरु राख्ने स्थानको पहिचान गर्ने ।*<br>● *होर्डिङ्गबोर्डहरुको नाप तथा डिजाइन तयार गर्ने ।*<br>● *पहिचान गरिएको निश्चित स्थानमा होर्डिङ्गबोर्डहरु राख्ने ।* | नविजोस | व्यास नपा, वविजोस | ✓ | | २०७५ - २०८५ |
| २२. | भूकम्प प्रतिरोधी भवन निर्माण प्रविधिको जानकारीमूलक सूचना भएको १२,००० थान क्यालेण्डर छापी नगरबासीहरुलाई वितरण गर्ने ।<br>● *क्यालेण्डरको डिजाइन तयार गर्ने ।* | नविजोस | व्यास नपा, निर्माण व्यवसायी संघ, NSET | | | २०७५ - २०८५ |

| क.स | क्रियाकलाप | मुख्य जिम्मेवार संस्था | सहयोगी संस्थाहरु | स्रोत व्यवस्थापन | | समय अवधि |
|---|---|---|---|---|---|---|
| | | | | आन्तरिक | बाह्य | |
| | • *क्यालेण्डरहरुको छपाइ तथा वितरण गर्ने ।* | | | | | |
| २३. | भूकम्प प्रतिरोधी भवन निर्माण प्रविधिको जानकारीमूलक सूचना भएको २० वटा होर्डिङ्गबोर्डहरु नगरपालिकाको बजार क्षेत्रमा राख्ने ।<br>• *होर्डिङ्गबोर्डहरु राख्ने स्थानको पहिचान गर्ने ।*<br>• *होर्डिङ्गबोर्डहरुको नाप तथा डिजाइन तयार गर्ने ।*<br>• *पहिचान गरिएको निश्चित स्थानमा होर्डिङ्गबोर्डहरु राख्ने ।* | नविजोस | व्यास नपा, वविजोस, स्थानीय निर्माण व्यवसायी संघ, NSET | | | २०७५ - २०८५ |

## ४.२ विपद् जोखिम न्यूनीकरण

| क.स. | क्रियाकलाप | मुख्य जिम्मेवार संस्था | सहयोगी संस्थाहरु | स्रोत व्यवस्थापन | | समय अवधि |
|---|---|---|---|---|---|---|
| | | | | आन्तरिक | बाह्य | |
| **भूकम्प** | | | | | | |
| १. | नगरपालिकाभित्र नयाँ घर भवन बनाउने क्रममा नक्सा बनाउने, डिजाइन गर्ने दक्ष प्राविधिकहरुको सूचीकरण गरी उनीहरुले डिजाइन कर्तालाईनै सुपरिवेक्षण गरी भवन निर्माण संहिताको पूर्ण पालना गराउन जिम्मेवारी दिलाउने । | व्यास नपा | नविजोस, वविजोस, नागरिक समाज | ✓ | | सधै |
| २. | नगरपालिकाभित्र नयाँ घरको निर्माण कार्यमा कम्तिमा एक जना तालिम प्राप्त मिस्त्री राख्ने प्रावधान सफलतापूर्वक लागू गर्नका लागि आवश्यक मात्रामा मिस्त्रीहरुको लागि भूकम्प प्रतिरोधी भवन निर्माण प्रविधि तालिम कार्यक्रमको आयोजना गरी सफलतापूर्वक तालिम सम्पन्न गर्ने मिस्त्रीहरुलाई इजाजत पत्र प्रदान गर्ने । | व्यास नपा | नविजोस, NSET, सहरी विकास तथा भवन निर्माण विभाग | | | सधै |
| ३. | नगरपालिकाभित्र बन्ने स्थायी-अस्थायी वा कच्ची-पक्की, निजी, सार्वजनिक, संस्थागत वा अन्य प्रकारका घर भवन निर्माण गर्न राष्ट्रिय भवन निर्माण संहिता र मापदण्डको पूर्ण पालना गराउन आवश्यक नीति नियम तर्जुमा तथा क्षमता अभिवृद्धि गर्ने । | व्यास नपा | नविजोस, NSET, सविभनिवि | | | सधै |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४. | नगरपालिकाभित्र बन्ने सबै प्रकारका भवनहरु राष्ट्रिय भवन निर्माण संहिता र मापदण्डको अनुसारमात्र निर्माण गर्ने, गराउने । | व्यास नपा | नविजोस, नागरिक समाज | ✓ | | सधै |
| ५. | नगरपालिकाभित्र राष्ट्रिय भवन निर्माण संहिताको पूर्ण पालना गरेर घर बनाउने घरधनीहरुलाई विशेष कदर र सो विपरित निर्माण गर्नेहरुलाई दण्ड जरिवाना गरी संहिता विपरित बनेको घरलाई भूकम्प प्रतिरोधी नगराइ प्रयोग गर्न नपाउने नियम बनाई कडाइका साथ पालना गर्न, गराउन लगाउने । | व्यास नपा | नविजोस, वविजोस, नागरिक समाज | ✓ | | सधै |
| ६. | नगरपालिकाभित्र नयाँ घर भवन निर्माण गर्नका लागि नगरपालिकामा सूचीकृत दक्ष प्राविधिक तथा कम्तीमा एक जना तालिम लिइ इजाजत प्राप्त मिस्त्रीको प्रत्यक्ष संलग्नता विना कुनै पनि घर बनाउन नपाइने व्यवस्था मिलाउने । | व्यास नपा | नविजोस, वविजोस, नागरिक समाज | ✓ | | सधै |
| ७. | नगरपालिकाभित्र भएका सबै संस्थागत भवनहरुमा गैर-संरचनात्मक जोखिम अल्पीकरण गर्न गराउनका लागि प्रथम चरणमा नगरपालिका कार्यालय परिसर तथा वडा कार्यालय लगायत नगरपालिकाको स्वामित्व भएका सबै भवनहरुमा गैरसंरचनात्मक जोखिम अल्पीकरण गर्ने । | व्यास नपा | नविजोस, वविजोस, | ✓ | | २०७५ - २०७७ |
| ८. | नगरपालिकाभित्र भएका सबै सरकारी, सामुदायिक, निजी अस्पताल, स्वास्थ्य संस्था तथा शिक्षण संस्थाका भवनहरुमा गैरसंरचनात्मक जोखिम अल्पिकरण गर्ने, गराउने । | व्यास नपा | नविजोस, वविजोस, NSET | | | २०७५ - २०७७ |
| ९. | नगरपालिकाभित्र बनिसकेका नयाँ पुराना अस्पताल भवन तथा विद्यालय भवनहरुको भूकम्पीय जोखिम लेखाजोखा गरी कमजोर ठहरिएका संरचनाहरुको भूकम्पीय प्रवलिकरण गर्ने गराउने व्यवस्थाको लागि आवश्यक नीति नियम निर्माण गरी आवश्यक क्षमता बिस्तार गर्ने कार्यक्रम बनाउने । | व्यास नपा | नविजोस, वविजोस, सविभनिवि, NSET | | | २०७५ - २०७७ |
| १०. | कृषिबाली तथा पशुधनको बीमा गर्नका लागि उचित व्यवस्था मिलाउने ।<br>● *नगरपालिकाभित्र भएका कृषिबाली तथा पशुधनका प्रकार तथा तिनीहरुमा बारम्बार हुने गरेका क्षतिहरुको तथ्याङ्क तयार पार्ने ।*<br>● *नगरपालिकाभित्र कार्यरत बीमा संस्थाहरुको पहिचान गर्ने ।*<br>● *नगरपालिकाभित्र कार्यरत बीमा संस्थाहरु तथा सरोकारवालाहरुको सहकार्यमा उपयुक्त बीमा विधिहरु तय गर्ने ।*<br>*कृषिबाली तथा पशुधनको बीमा गर्ने ।* | व्यास नपा | नविजोस, वविजोस, बीमा संस्थाहरु, कृषि विभाग | | | २०७५ - २०७७ |
| **बाढी/पहिरो** | | | | | | |
| ११. | पहिरो/डुबान हुनसक्ने स्थानहरुको नक्शांकन गर्ने । | नविजोस | व्यास नपा, वविजोस | | | २०७५ - २०७७ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १२. | पहिरो/डुबान हुनसक्ने स्थानहरुमा वृक्षारोपण गर्ने ।<br>• *वृक्षारोपण गर्न आवश्यक स्थानहरुको पहिचान गर्ने ।*<br>*पहिचान गरिएको स्थानहरुमा वृक्षारोपण गर्ने ।* | | व्यास नपा, ववविजोस, वन विभाग | | | २०७५ - २०७७ |
| १३. | पहिरो/डुबान हुनसक्ने स्थानहरुको किनारमा स्थानीय उपाय तथा जैविक विधिको प्रयोग गरी तटबन्ध निर्माण गर्ने ।<br>• *पहिरो/डुबान हुनसक्ने स्थानहरुको पहिचान गर्ने ।*<br>• *पहिरो/डुबान रोकथामका लागि उपयुक्त विधिहरुको छनौट गरी आवश्यक डिजाइन तथा लागत तयार गर्ने ।*<br>• *जैविक इन्जिनीयरिङ्ग तटबन्ध निर्माण गर्ने ।*<br>• *अन्य आवश्यक प्रकारको तटबन्ध निर्माण गर्ने ।*<br>*पहिरो जोखिम क्षेत्रमा ग्याविन तथा रिटेनिङ्ग वाल लगाउने* | नविजोस | व्यास नपा, ववविजोस, जल उत्पन्न विपद् न्यूनीकरण विभाग (जउविवि), जिल्ला प्रशासन कार्यालय | | | २०७५ - २०७७ |
| १४. | खोला खोल्सा अतिक्रमण भएको नियन्त्रण गर्ने र सिमाङ्कन गरी अतिक्रमित क्षेत्र खाली बनाउने । | व्यास नपा | नविजोस ववविजोस जिल्ला प्रशासन कार्यालय | | | २०७५ - २०७७ |
| १५. | डुबान हुने क्षेत्रमा उपयुक्त बाली सिफारिश गर्ने । | नविजोस | व्यास नपा, कृषि वकास कार्यालय | | | सधै |
| १६. | बारम्बार डुबान हुने क्षेत्रहरुमा डुबानको समयमा नडुब्ने गरी सार्वजनिक शौचालयहरु बनाउने ।<br>• *सार्वजनिक शौचालयहरु बनाउने स्थानहरुको पहिचान गर्ने ।*<br>• *सार्वजनिक शौचालयहरुको डिजाइन तथा लागत तयार गर्ने ।*<br>*सार्वजनिक शौचालयहरुको निर्माण गर्ने ।* | नविजोस | व्यास नपा, ववविजोस | | | २०७५ - २०७७ |
| १७. | बारम्बार डुबान हुने क्षेत्रहरु (((() मा नयाँ भौतिक संरचना, घर गोठहरु बनाउँदा डुबान हुने सतहभन्दा अग्लो बनाउनु पर्ने बाध्यात्मक नियम बनाइ कडाइका साथ लागू गर्ने । | व्यास नपा | नविजोस ववविजोस, सडक विभाग, जिविस | | | २०७५ - २०७७ |
| **हुरीबतास र आगलागी** | | | | | | |
| १८. | दूरसञ्चार तथा विद्युत प्रसारणका अग्ला टावरहरुलाई हुरीबतासबाट सुरक्षित पार्ने । | नविजोस | व्यास नपा, दूरसञ्चार संस्थान विद्युत प्राधिकरण | | | सधै |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १९. | नगरपालिका क्षेत्रमा भएका दूरसञ्चार, केबुल टेलिभिजन, इन्टरनेट केबुल तथा विद्युत प्रसारणका तारहरु हुरीबतासबाट सुरक्षित पार्ने । | नविजोस | व्यास नपा, वविजोस, दूरसञ्चार संस्थान, विद्युत प्राधिकरण, | | | सधै |
| २०. | नगरपालिका क्षेत्रमा भएका अग्ला होर्डिङ्गबोर्डहरु हुरीबतासबाट सुरक्षित पार्ने । | व्यास नपा | नविजोस, नागरिक समाज | | | सधै |
| २१. | पराल, खरजस्ता ज्वलनशील वस्तुहरुलाई घरभन्दा पर सुरक्षित स्थानमा राख्ने, आगोले सजिलै नबल्ने सामग्रीबाट गोठ बनाउन प्रोत्साहन गर्ने । | व्यास नपा | नविजोस, नागरिक समाज | | | सधै |
| २२. | कृषिबाली तथा पशुधनको बीमा गर्नका लागि उचित व्यवस्था मिलाउने ।<br>● *नगरपालिकाभित्र भएका कृषिबाली तथा पशुधनका प्रकार तथा तिनीहरुमा बारम्बार हुने गरेका क्षतिहरुको तथ्यांङ्क तयार पार्ने ।*<br>● *नगरपालिका भत्र कार्यरत बीमा संस्थाहरुको पहिचान गर्ने ।*<br>● *नगरपालिकाभित्र कार्यरत बीमा संस्थाहरु तथा सरोकारवालाहरुको सहकार्यमा उपयुक्त बीमा विधिहरु तय गर्ने ।*<br>*कृषिबाली तथा पशुधनको बीमा गर्ने ।* | व्यास नपा | नविजोस, वविजोस, बीमा संस्थाहरु, कृषि विभाग | | | २०७५ - २०७७ |
| २३. | नयाँ गोठ, घर तथा हाट बजार वा अन्य प्रकारका अस्थायी छाप्रा, पानी ट्याङकी बनाउँदा आगोले सजिलै नबल्ने सामग्रीबाट बनाउन प्रोत्साहन गर्ने गराउने । | व्यास नपा | नविजोस, नागरिक समाज | ✓ | | सधै |
| २४. | ग्याँस, मट्टितेल, डिजेल, पेट्रोल जस्ता अति ज्वलनशील पदार्थ बिक्री वितरण गर्ने पेट्रोल पम्प तथा पसलहरुमा आवश्यक मात्रामा अग्निशमन यन्त्र तथा उपयुक्त अग्नि निरोधक उपायहरु अवलम्बन गर्ने, गराउने । | व्यास नपा | नविजोस, वविजोस, नागरिक समाज | ✓ | | २०७५ - २०७७ |
| २५. | सार्वजनिक पोखरी, इनार जस्ता परम्परागत पानीका स्रोतहरुको पहिचान गरी संरक्षण गर्ने गराउने र अद्यावधिक अभिलेख राख्ने । | व्यास नपा | नविजोस, नागरिक समाज | ✓ | | २०७५ - २०७७ |
| २६. | चलचित्र घर, सभा सेमिनार हल, कारखाना जस्ता एकै पटक धरै मानिसहरु जमघट हुने स्थानहरुमा आवश्यक संख्यामा अग्निशमन यन्त्र तयारी अवस्थामा राख्ने तथा बैकल्पिक आगो निभाउने बन्दोवस्त गर्न लगाउने । | व्यास नपा | नविजोस, वविजोस, नागरिक समाज | ✓ | | २०७५ - २०७७ |
| **असिना, चट्याङ्ग, तुषारो** | | | | | | |
| २७. | भवनहरुलाई मौसमी प्रकोप सुरक्षित बनाउने प्रोत्साहन गर्ने गराउने । | व्यास नपा | नविजोस, वविजोस | ✓ | | सधै |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २८. | कृषिबाली तथा पशुधनको बीमा गर्नका लागि उचित व्यवस्था मिलाउने ।<br>● *नगरपालिकाभित्र भएका कृषिबाली तथा पशुधनका प्रकार तथा तिनीहरुमा बारम्बार हुने गरेका क्षतिहरुको तथ्यांङ्क तयार पार्ने ।*<br>● *नगरपालिकाभित्र कार्यरत बीमा संस्थाहरुको पहिचान गर्ने ।*<br>● *नगरपालिकाभित्र कार्यरत बीमा संस्थाहरु तथा सरोकारवालाहरुको सहकार्यमा उपयुक्त बीमा विधिहरु तय गर्ने ।*<br>*कृषिबाली तथा पशुधनको बीमा गर्ने ।* | व्यास नपा | नविजोस, वविजोस, बीमा संस्थाहरु, कृषि विभाग | | | २०७५ - २०७७ |
| २९. | जलवायु परिवर्तन अनुरुप कृषिबाली प्रणाली अनुकूलनका लागि अध्ययन गरी सफलता प्राप्त प्रविधिहरुको प्रवर्द्धन तथा बिस्तार गर्ने । | व्यास नपा | नविजोस, वविजोस, कृषि विभाग | | | २०७५ - २०७७ |
| ३०. | अर्थिङ्गको प्रयोगबारे जनचेतनाको वृद्धि । | व्यास नपा | नविजोस, वविजोस | | | २०७५ - २०७७ |
| ३१. | न्यानो कपडा लगाउने जनचेतना वृद्धि गर्ने । | व्यास नपा | नविजोस, वविजोस | | | २०७५ - २०७७ |
| ३२. | प्राथमिक उपचार र औषधी व्यवस्थापन गर्ने तालिम दिने । | व्यास नपा | नविजोस, वविजोस, नेरेसो | | | २०७५ - २०७७ |
| **महामारी** | | | | | | |
| ३३. | खुल्ला क्षेत्रलाई दिसा पिसाव मुक्त बनाउने | व्यास नपा | नविजोस, वविजोस | ✓ | | २०७५ - २०७७ |
| ३४. | ढल निकासको उचित प्रबन्ध मिलाउने ।<br>● *ढल निकास निर्माण गर्नु पर्ने स्थानहरुको पहिचान गर्ने ।*<br>● *ढलको मार्ग निर्धारण तथा डिजाइन लागत तयार पार्ने ।*<br>● *डिजाइन अनुसारको ढल निर्माण गर्ने ।* | व्यास नपा | नविजोस, वविजोस, नागरिक समाज, खानेपानी तथा ढल निकास विभाग | | | २०७५ - २०७७ |
| ३५. | नगरपालिकाभित्रका पसल घरहरुमा उत्पादन हुने फोहोर मैलालाई कुहिने, पूनः प्रयोग हुने र नकुहिने तथा पूनःप्रयोग नहुने गरी तीन अलग अलग भाँडाहरुमा राखी व्यवस्थापन गर्ने व्यवस्था मिलाउने । | व्यास नपा | नविजोस, वविजोस, नागरिक समाज | ✓ | | |
| ३६. | काँचो वा पकाएर विक्रीवितरण गरिने माछा, मासु, मिठाई जस्ता चाँडै सड्ने गल्ने वस्तुहरु स्वस्थ्यकर तरिकाले छोपेर वा चिसो पारेर मात्र बिक्रीवितरण गर्नु पर्ने बाध्यात्मक नियम बनाइ कडाइका साथ लागू गर्ने । | व्यास नपा | नविजोस, वविजोस, नागरिक समाज | ✓ | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३७. | स्वस्थ्यकर मासु उत्पादन तथा बिक्रीवितरणका लागि आवश्यक मात्रामा पशुपंक्षी बधशालाहरु निर्माण गर्ने | व्यास नपा | नविजोस, नागरिक समाज | ✓ | | |

## ४.३ आपत्कालीन पूर्वतयारी

| क.स. | क्रियाकलाप | मुख्य जिम्मेवार संस्था | सहयोगी संस्थाहरु | स्रोत व्यवस्थापन | | समय अवधि |
|---|---|---|---|---|---|---|
| | | | | आन्तरिक | बाह्य | |
| **भूकम्प, बाढी/पहिरो, तथा आगलागी** | | | | | | |
| १. | समुदायमा आधारित भूकम्प तथा बाढी पूर्वसूचना प्रणालीको स्थापना गर्ने । | नविजोस | वविजोस, नेरोसो | | | २०७५ -२०७७ |
| २. | नगरपालिकाभित्र रहेका सार्वजनिक खुल्ला जमिन तथा भवन परिसरहरुको अभिलेख तयार गरी कडाइका साथ संरक्षण गर्ने । | व्यास नपा | नविजोस, नागरिक समाज | | | २०७५ -२०७७ |
| ३. | सङ्कटासन्न टोल समुदायमा भएका सार्वजनिक खुल्ला जमिन तथा भवन परिसरहरुमा समुदायमा आधारित आपत्कालिन अस्थायी बसोबास योजना निर्माण गरी जानकारी गराउने । निकासी योजना (Evacuation plan) तयार गर्ने ।<br>विस्तृत सार्वजनिक खुल्ला जमिनको परिचय अनुसूची ५ मा सामाजिक स्रोत नक्साङ्कनमा प्रस्तुत गरिएको छ । | व्यास नपा | नविजोस, वविजोस, नागरिक समाज | | | २०७५ -२०७७ |
| ४. | पहिचान भएका आपत्कालिन अस्थायी बसोबासयोग्य स्थानहरुमा ढल निकास तथा खानेपानीको उचित व्यवस्थापन गर्ने । | व्यास नपा | नविजोस, नागरिक समाज | | | २०७५ -२०७७ |
| ५. | सङ्कटासन्न टोल समुदायभित्र आवश्यकता अनुसार खोज उद्धार औजार उपकरणहरु भण्डारण गर्ने । | नविजोस | व्यास नपा, नेरोसो | | | २०७५ -२०७७ |
| ६. | सङ्कटासन्न टोल समुदायस्तर तथा नगरपालिकास्तरमा औषधी उपचार, खाद्यान्न, लत्ताकपडा लगायत अन्य आधारभूत उद्धार राहतका सामग्रीहरुको भण्डारण गर्ने व्यवस्था मिलाउने । | नविजोस | व्यास नपा, नेरसो | | | २०७५ -२०७७ |
| ७. | नगरपालिकाका सम्पूर्ण वडामा दमकल, वारुणयन्त्र जस्ता आपत्कालीन बाहानहरु सहज किसिमले पुर्‍याउन सडक स्तरोन्नति गर्ने । | व्यास नपा | नविजोस, नागरिक समाज | | | २०७५ -२०७७ |
| ८. | बाढी/पहिरो, भूकम्प, आगलागी आदि सबै माथि उल्लेखित विपद्का लागि प्रतिकार्य योजना तर्जुमा गरी सबै सरोकारवालाहरुलाई सुसूचित गर्ने । | नविजोस | व्यास नपा, नेरोसो | | | २०७५ -२०७७ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ९. | बाढी/पहिरो, भूकम्प, आगलागी आदि सबै माथि उल्लेखित विपद्का लागि पूर्वतयारी तथा प्रतिकार्यका विधामा तालिम प्राप्त प्राथमिक उपचारक, खोज उद्धारमा तालिम प्राप्त स्वयंसेवक कार्यदलहरु, वडा तथा नगर विपद् जोखिम व्यवस्थापन समितिका पदाधिकारीहरु, नेपाल रेडक्रस सोसाइटी जस्ता संस्थाहरु लगायत समुदायका सदस्यहरुको प्रत्यक्ष संलग्नतामा क्रियाकलाप ८ मा तयार भएका प्रतिकार्य योजना मुताविक प्रत्येक विपद् अनुसार आवधिक अभ्यास गर्ने । | नविजोस | व्यास नपा, नागरिक समाज, नेरोसो, NSET | | | २०७५ -२०७७ |
| १०. | क्रियाकलाप ९ बमोजिम आयोजित आवधिक अभ्यासको गहन समीक्षा गरी सिकाइका आधारमा प्रतिकार्य योजनामा आवश्यक सुधार परिमार्जन गर्ने । | नविजोस | व्यास नपा, वविजोस, नेरोसो, NSET | | | २०७५ -२०७७ |
| ११. | दमकल, एम्बुलेन्स जस्ता आपत्कालीन सवारीसाधनहरुको आवधिक मर्मत सम्भार गरी २४सै घण्टा परिचालित हुन सक्ने गरी तयारी अवस्थामा राख्ने । | व्यास नपा | नविजोस, वविजोस | | | सधै |
| १२. | औषधी तथा किराना सामग्रीहरुको वितरक, डिलर तथा खुद्रा पसलहरुमा भूकम्पीय गैरसंरचनात्मक जोखिम अल्पीकरण गर्ने । | नविजोस | व्यास नपा, वविजोस, NSET | | | सधै |
| १३. | नगरपालिकाभित्र भएका सबै सरकारी, सामुदायिक, निजी अस्पताल, स्वास्थ्य संस्था तथा शिक्षण संस्थाका भवनहरुमा खोज उद्धारका औजार उपकरणहरु भण्डारण गर्ने । | नविजोस | व्यास नपा, वविजोस, सम्बन्धित संस्थाहरु | | | सधै |
| १४. | नगरबासीहरुलाई हरेक परिवारमा कम्तिमा एकवटा भूकम्पीय झटपट झोला तयार गरी राख्न प्रोत्साहन गर्ने । | नविजोस | व्यास नपा, वविजोस, नागरिक समाज | | | सधै |
| १५. | नगरबासीहरुलाई हरेक घरमा कम्तिमा एकवटा घरायसी बचाउ बाकस राख्न प्रोत्साहन गर्ने । | नविजोस | व्यास नपा, वविजोस, नागरिक समाज | | | सधै |
| १६. | नगरबासीहरुलाई आ-आफ्नो घर व्यवसाय स्थलका भवनहरुमा आगलागी र भूकम्पीय गैरसंरचनात्मक जोखिम अल्पीकरण गर्न प्रोत्साहन गर्ने । | नविजोस | व्यास नपा, वविजोस, नागरिक समाज | | | सधै |
| **असिना, चट्याङ्ग, तुषारो, हुरीवतास** | | | | | | |
| १७. | भवनहरुलाई मौसमी प्रकोप सुरक्षित बनाउन भवन निर्माण गर्ने सामाग्रीको उचित प्रयोग गर्न सिकाउने । | व्यास नपा | नविजोस, वविजोस | | | २०७५ -२०७७ |
| १८. | कृषिबाली तथा पशुधनको बीमा गर्नका लागि उचित व्यवस्था मिलाउने । | व्यास नपा | नविजोस, वविजोस, बीमा कंपनीहरु, कृषि विभाग | | | २०७५ -२०७७ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | • *नगरपालिकाभित्र भएका कृषिबाली तथा पशुधनका प्रकार तथा तिनीहरुमा बारम्बार हुने गरेका क्षतिहरुको तथ्यांङ्क तयार पार्ने ।*<br>• *नगरपालिकाभित्र कार्यरत बीमा संस्थाहरुको पहिचान गर्ने ।*<br>• *नगरपालिकाभित्र कार्यरत बीमा संस्थाहरु तथा सरोकारवालाहरुको सहकार्यमा उपयुक्त बीमा विधिहरु तय गर्ने ।*<br>*कृषिबाली तथा पशुधनको बीमा गर्ने ।* | | | | | |
